धनुषा जिल्लाको यदुकुहामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक बाख्रापालन तालिम सम्पन्न




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय यदुकुहा, धनुषाले ३५ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७८ पौष १६ गतेदेखि १८ गतेसम्म धनुषा जिल्लाको यदुकुहामा **"व्यवसायिक बाख्रा पालन तालिम"** सम्पन्न गरेको यदुकुहा शाखा कार्यालयका शाखा प्रमुख विनोद रामले जानकारी गराएका थिए । सहिदनगर नगरपालिका वडा नं. ३ यदुकुहाको वडाध्यक्ष श्री नागेन्द्र प्रसाद मण्डलको प्रमुख आतिथ्य तथा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. क्षेत्रिय कार्यालय बर्दिबासका क्षेत्रिय प्रमुख श्री परमेश्वर चौधरी र सहिदनगर नगरपालिका वडा नं. ३ यदुकुहाका वडा सदस्यको अतिथ्यतामा सम्पन्न तालिम कार्यक्रममा प्रशिक्षकहरु नेपाल भेटनरी एशोसिएसन प्रदेश नं.२, का भु.पु. अध्यक्ष र सपही भेटेनरी क्याप्स संयोजक डा. विनोद कुमार यादव रहेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि नागेन्द्र प्रसाद मण्डलले संस्थाले लघुवित्त सेवामात्र नभएर सदस्यहरुलाई सिप बिकाश तालिम प्रदान गरी व्यवसायी बनाई रोजगारी र आयआर्जनमा बृद्धि गर्न सहयोग पुर्याएकोमा खुसि ब्यक्त गर्नु भएको थियो । सहिदनगर नगरपालिकाका वडा सदस्य श्री शुसिल कुमार साहले लक्षीत वर्गमा वित्तीय सेवा नभई महिला सशक्तीकरणमा लघुवित्त कार्यक्रम प्रभाबकारी रहेकोमा खुशि ब्यक्त गर्नु भएको थियो । संस्थाका क्षेत्रीय प्रमुख श्री परमेश्वर चौधरीले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा यदुकुवाका शाखा प्रमुखले प्रकाश पारेका थिए ।

Copyright © 2022, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

बाखापालन व्यवसायको परिचय, नेपालमा बाखा पालनको आवश्यकता, महत्व र बर्तमान स्थिती, बाखाका बिभिन्न जातहरुको जानकारी, बाखाको खोर निर्माण, ब्रिडिङ सम्बन्धी जानकारी, स्वास्थ्य सम्बन्धी जानकारी, पाठापाठी हुर्काउने तरिका, रोगी तथा निरोगी बाखाको पहिचान, बाखामा लाग्ने रोगहरु (परजिवि जिबाणु र मेटावोलिक), बाखामा आहारको महत्व (सन्तुलित आहार बनाउने तरिका, हरियो घास व्यवस्थापन), गर्भिणी तथा सुत्केरी माउ स्याहार, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरु, परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीय बाखापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको यदुकुहा शाखाका शाखाले जानकारी गराएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबै भन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, ०७ वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १८९ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलकतालिम, उद्यमशीलताविकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

तालिमको अन्त्यमा तालिमको मुल्याकंन सहभागी श्री जगतान देवीले मन्तव्य राखेका थिए । व्यवसायिक रुपमा उन्नत बाखापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएकाथिए । बाखापालन गरिरहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख परमेश्वर चौधरीले जानकारी गराएका थिए ।

संस्थाले २०७८ कार्तिक मसान्त सम्ममा ३ लाख ८४हजार ५१२ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७८ कार्तिक मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. २५ अरब ७८ करोड रहेको छ भने ग्राहक सदस्यहरुका १६ अरब ५२ करोड बचत परिचालन गरेको छ ।

Copyright © 2022, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 